जि.प्र.का.नं. ५२६/०७५

# किरात मेवाहाङ याखोम्मा

## Kirant Mewahang Association

## केन्द्रीय कार्य समिति, नेपाल

Central Action Committee, Nepal

स्था: २०७५

**पत्र संख्या:**

**चलानी नं.:**

**मितिः** २०८०/१०/०३

**विषयः** प्रेस बिज्ञप्ति ।

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार जातिको महलमा १०२ औं स्थान र भाषाको महलमा ६२ औं स्थानमा सुचिकृत मेवाहाङ जातिको उदगमथलोको रुपमा संखुवासभा, भोजपुर र सोलुखुम्बुको सीमाना स्थल सिलीचोङ हिमाल आसपासको क्षेत्र भएको कुरा विभिन्नअध्ययन अनुसन्धानहरुबाट प्रमाणित भइसकेको छ । सिलीचोङ हिमालको नामाकरण नै मेवाहाङ भाषाबाट भएको हो । सिलीको अर्थ मुन्धुमी नृत्य र चोङको अर्थ उच्च स्थान भन्ने हुन्छ । यति मात्रहोइन मेवाहाङ मुन्धुमीहरुले जुनसुकै मुन्धुम सम्बन्धि कार्यमा सिलीचोङ हिमालको पुकार गर्छन् र मुन्धुमी कार्यमा उनीहरु काल्पनिक उडान भर्दा सिलीचोङ हिमाल पुगेर आउछन् । मेवाहाङ जातिमा सिलीचाङ हिमाल एक धार्मिक शक्तिपिठको रुपमा रहँदै आएको छ । यस प्रकार सिलीचोङ हिमाल मेवाहाङ जातिको पहिचान र इतिहाससँग जोडिएको धरोहर हो ।

तर हालआएर कुनै एक गैर-सरकारी सँस्थाले सिलीचोङ हिमालको चुचुरोमा काल्पनिक प्रतिमुर्ति राख्न लागेको कुरा विभिन्न मिडिया र सामाजिक संजालमा आएको कुराप्रती हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । सिलीचोङ हिमाल आफैमा एक पुर्ण धार्मिक र साँस्कृतिक धरोहर हो । यसमा कुनै कृत्रिम र काल्पनिक प्रतिमुर्ति खडा गरिनु भनेको सिलीचोङ हिमालको धार्मिक महत्वलाई विषयान्तर गर्नु हो र यस हिमाल माथिको आस्था समाप्त पार्नु हो । अतःसिलीचोङ हिमालमाथिको धार्मिक आस्था र विश्वासलाई तेजोवध गर्ने कुनै पनिकार्य स्विकार्य नहुने कुरा स्पष्ट पार्दै तपशीलको विषयमा सम्बन्धित सरोकारवालाहरुको ध्यानाकर्षण गराउन चाहन्छौं ।

१.प्रकृति पुजक किरात जाती मुर्ती पुजक हुन सक्दैन ।

२. सिलीचोङ हिमालमाथि कुनै बहानामा गरिने अतिक्रमण र तोडमोड स्विकार्य छैन ।

३. पर्यावरणको दृष्टिकोणाले कुनै हिमालमाथि निर्माण गरिने भौतिक संरचना गैर कानुनी हुन्छ ।

४. मुन्धुम ट्रेल- साल्पा सिलिछो विकास तथाप्रवर्द्धन सम्मेलन -२०८० को संयुक्त संकल्प पत्रको बुँदा नं. २३ मा उल्लेखित संकलपको अक्षरंस पालना गरियोस ।

५. सिलीचोङ हिमाललाई प्राकृतिक रुपमै यथावत रहन दिइयोस ।

अन्त्यमा हिमालको टाकुरामा स्थानीय प्रकृतिपुजक हाम्रो समुदायलाई सहभागी नगराई सुरु भएको यो परियोजना तुरुन्त बन्द गरियोस । हिमालको तल्लो भागमा मात्रै मुर्ति राख्ने कार्य होस् जहाँ मेवाहाङ राजा **युइथु**को प्रतिमा समेत राख्ने व्यवस्था मिलाईयोस् । साथै किरात मेवाहाङ जातिको साझा संस्था यस किरात मेवाहाङ याखोम्मालाई यस कार्यमा समावेश गरियोस् । अन्यथा विरोधका कार्यक्रमहरु हुनेछन् जसबाट हुने क्षतिको जिम्मेवार स्वयम् परियोजना सञ्चालक हुनुपर्नेछ ।

................
विश्वरसिंह मेवाहाङ
महासचिव

................
सन्तोषकुमार मेवाहाङ
का.वा.अध्यक्ष